# लोक सेवा आयोगको ६८औं वार्षिकोत्सव समारोह (२०७५ असार १) तथा
# आयोगको त्रिवर्षीय रणनीतिक योजना सम्बन्धी
# प्रेस विज्ञप्ती

विशिष्टीकृत स्वतन्त्र निकायबाट सरकारी कर्मचारीको छनौट गर्ने उद्देश्यले 'पब्लिक सर्भिस कमिशन' नामबाट वि.सं.२००८ साल असार १ गते तदनुसार सन् १९५१ जुन १५ मा लोक सेवा आयोगको स्थापना भएको हो । उक्त दिनको सम्झनामा हरेक साल असार १ गते लोक सेवा आयोगको स्थापना दिवस मनाईन्छ । स्थापना काल देखि हालसम्म लोक सेवा आयोगले पद्दतिमा आधारित कार्यप्रणाली स्थापित गरेको छ । योग्यता, स्वच्छता र निष्पक्षताका मूलभूत मूल्यहरु प्रतिविम्बित गर्दै आयोगले समान अवसर, परिचय शून्यता, गोपनीयता जस्ता सिद्धान्तका आधारमा कार्यसम्पादन गर्दै आएको छ ।

मिति २०७५ साल असार १ गते राष्ट्रिय सभागृहमा आयोजित लोक सेवा आयोगको अन्ठाउन्नौं वार्षिकोत्सव समारोहको सम्माननीय राष्ट्रपति श्री विद्यादेवी भण्डारीज्यूवाट उद्घाटन तथा मार्गदर्शन सम्बोधन भएको छ । सम्बोधनका क्रममा राष्ट्रपति महोदयले योग्यता प्रणाली कायम राख्न आयोगले खेलेको भूमिकाको प्रशंसा गर्दै त्रिवर्षीय रणनीतिक योजनाको सफल कार्यान्वयन हुनेमा विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा माननीय अध्यक्ष श्री उमेशप्रसाद मैनालीवाट आयोगका कामकारवाही तथा भावी रणनीतिका सम्बन्धमा मन्तव्य व्यक्त गर्नुभएको थियो । वहाँले आयोग पद्दति, प्रक्रिया र परिणाममा परिपक्व भइसकेको तथा प्रक्रिया नक्साङ्कन (Process Mapping) एवम् प्रक्रिया प्रवर्तन (Process Innovation) मार्फत समयको माग अनुरुप रुपान्तरण हुन प्रयासरत रहेको वताउनु भयो । उक्त कार्यक्रममा आयोगका माननीय सदस्य श्री श्रीपुरुष ढकालज्यूले धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्नुभएको थियो भने उपस्थित विशिष्ट अतिथि एवं महानुभावहरुलाई आयोगका सचिव श्री महेन्द्र गुरागाईज्यूले स्वागत गर्नुभएको थियो ।

समारोहमा सम्माननीय राष्ट्रपति महोदयवाट लोक सेवा आयोगको रणनीतिक योजना (२०७५/७६-२०७७/७८) सार्वजनिक भएको छ । रणनीतिक योजनाको मुख्य उद्देश्य *लोक सेवा आयोगलाई आफ्नो काम, कर्तव्य र जिम्मेवारी अनुरुप मुलुकको सार्वजनिक सेवाका लागि दक्ष मानव संसाधन सिफारिस गर्ने प्रमुख कार्यलाई प्रभावकारी रुपमा सम्पन्न गर्न सहयोग पुऱ्याउने* रहेको छ । यसका लागि मुलुकको शासन प्रणालीमा आईरहेको परिवर्तनका सन्दर्भमा लोक सेवाको विद्यमान अवस्थाको विश्लेषणका आधारमा पहिचान गरिएका मुद्दाहरुलाई सम्बोधन गर्ने रणनीतिहरु र सो को कार्यान्वयनका लागि जिम्मेवारी सहितको ठोस कार्ययोजना समावेश गरिएको छ । रणनीतिक योजनाले देहायका मूल मुद्दाहरु पहिचान गरेको छ:

(१) संविधानद्वारा निर्दिष्ट काम कर्तव्य र अधिकारहरु सम्पादन गर्न आयोगको क्षमता कसरी अभिवृद्धि गर्ने ?
(२) मूल्याङ्कन प्रणालीलाई ज्ञान परीक्षणको अतिरिक्त सीप र व्यावहारिक क्षमता परीक्षणमा केन्द्रित गर्न कस्ता सुधार गर्ने?
(३) लोक सेवा आयोगको कामको प्रकृति अनुरुप आयोगको लागि मानव संसाधनको उपयुक्तता कसरी सुनिश्चित गर्ने ?
(४) प्रविधिको प्रयोगबाट प्रक्रिया सरलीकरण र अवसरको अभिवृद्धि कसरी गर्ने ?
(५) आयोगको काममा विज्ञ सेवाको गुणस्तरीय संलग्नता कसरी सुनिश्चित गर्ने ?
(६) सुरक्षा निकाय र संस्थानहरूको लागि लिइने लिखित परीक्षालाई कसरी थप प्रभावकारी तुल्याउने ?
(७) पाठ्यक्रमहरू समयानुकूल अद्यावधिक गर्ने कार्य कसरी सुनिश्चित गर्ने ?
(८) आयोगबाट उपलब्ध गराइने परामर्शको प्रभावकारी कार्यान्वयन कसरी सुनिश्चित गर्ने ?
(९) सार्वजनिक सेवामा नेतृत्व क्षमता भएका कर्मचारीहरूको पहिचान र छनौट कसरी गर्ने ?

उक्त मुद्दाहरुलाई दृष्टिगत गर्दै रणनीतिक योजनाले *गुणस्तरीय, चुस्त र परिणाममुखी सार्वजनिक सेवा-प्रवाह सुनिश्चित गर्नसक्ने तथा शासन प्रणालीमा आइपर्ने चुनौतीहरू सामना गर्न सक्षम मानव संसाधनको समुचित व्यवस्था गर्ने* दूरदृष्टि (Vision) राखेको छ । योजनाको तीन वर्षे अवधिमा सेवा प्रवाहमा सुधार, विज्ञ तथा सेवा ग्राहीहरुको संलग्नता अभिवृद्धि र संस्थागत क्षमता सुदृढिकरण गर्न विभिन्न ठोस रणनीति तथा क्रियाकलापहरु तय गर्नुका साथै कार्यसम्पादनका सूचकहरु समेत योजनामा समावेश गरिएको छ । *सार्वजनिक सेवामा क्षमतामा आधारित (Competency Based) छनौट प्रणाली लागू गर्ने, उम्मेदवार छनौट गर्ने क्रममा Assessment Center Methodology लागू गर्ने, नेतृत्व तहका व्यवस्थापकीय पदमा उम्मेदवार छनौट गर्दा कार्यक्षमता आधारित छनौट प्रणाली चरणवद्ध रुपमा लागू गर्ने, परिवर्तित सन्दर्भमा आयोगलाई परिणाममूखी बनाउन पुनर्संरचना गर्ने* लगायतका रणनीतिहरु यस योजनामा समावेश गरिएको छ ।

लक्ष्मी विलास कोईराला
प्रवक्ता एवं सहसचिव